एकाइ ३ · नागरिक चेतना, कर्तव्य र अधिकार

उत्तरकुञ्जिका · शिक्षकका लागि

पूर्णाङ्क २९

अङ्क विभाजनमा दिइएका बुँदाका आधारमा अङ्क दिनुहोस्। फरक शब्दमा लेखिएको भए पनि उही कुरा भनेको उत्तर सही मानिन्छ।

१ मुख्य शब्द

ज्ञान · ३

१. नागरिक
२. मतदाता
३. अधिकार
४. कर्तव्य
५. लोकतन्त्र
६. सामाजिक नियम

प्रत्येकको ०.५ अङ्क।

२ चित्रको नामाङ्कन

बोध · ३

१. पार्किङ निषेध
२. पहिरो जोखिम क्षेत्र
३. प्रवेश निषेध
४. हर्न निषेध
५. साँघुरो पुल
६. साइकल

प्रत्येकको ०.५ अङ्क।

३ ठिक कि बेठिक?

ज्ञान · २

i. ✓ **ठिक**

ii. ✗ **बेठिक:** सबै मतदाता नागरिक हुन्, तर सबै नागरिक मतदाता होइनन्। १८ वर्ष नपुगेका नागरिक मतदाता हुँदैनन्।

iii. ✗ **बेठिक:** पहेँलो बत्तीको अर्थ “रोकिन तयार होऊ” हो। रोक्ने रेखाको एकदमै नजिक पुगिसकेको अवस्थामा मात्र अगाडि जान पाइन्छ।

iv. ✓ **ठिक**

प्रत्येकको ०.५ अङ्क।

४ अति छोटो उत्तर

क. **अङ्क विभाजन** — **ज्ञान · १**

✓ धारा ४८ लेखेमा।

ख. **अङ्क विभाजन** — **ज्ञान · १**

✓ कसैले कर नलगाए पनि र कानुनले नतोके पनि ठिक र असल भनेर मनैदेखि गरिने कर्तव्य भनी लेखेमा।

ग. **अङ्क विभाजन** — **ज्ञान · १**

✓ बालबालिकाको विकासका लागि राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक भनी लेखेमा।

घ. **अङ्क विभाजन** — **ज्ञान · १**

✓ सडक प्रयोग गर्दा वा यात्रा गर्दा अपनाउनुपर्ने सावधानीसम्बन्धी नियम भनी लेखेमा।

ङ. **अङ्क विभाजन** — **प्रयोग · १**

✓ सीता मात्र भनी लेखेमा।

च. **अङ्क विभाजन** — **ज्ञान · १**

✓ ३१ ओटा (भाग ३, धारा १६ देखि ४६ सम्म) लेखेमा।

Science Playground, काठ्मान्डे, भक्तपुर
विद्यार्थीसहित भ्रमणको समय लिन: https://science-playground.com/booking

छ. **अङ्क विभाजन** **प्रयोग · १**

✓ बहुमत पाएकाले सुमन भनी लेखेमा।

ज. **अङ्क विभाजन** **बोध · १**

✓ उमेर नपुगी विवाह गराइने वा काममा लगाइने जस्ता कुनै एक खतरा लेखेमा।

झ. **अङ्क विभाजन** **बोध · १**

✓ सामाजिक नियम भनी लेखेमा।

५ छोटो उत्तर

क. **अङ्क विभाजन** **बोध · २**

✓ नागरिक जुनसुकै उमेरको हुन सक्छ, मतदाता १८ वर्ष पूरा भएको हुनुपर्छ भनी लेखेमा।

✓ सबै मतदाता नागरिक हुन् तर सबै नागरिक मतदाता होइनन्, वा नागरिकको प्रमाण नागरिकताको प्रमाणपत्र र मतदाताको नाम मतदाता नामावलीमा हुन्छ भनी लेखेमा।

ख. **अङ्क विभाजन** **बोध · २**

✓ कानुन सरकारले प्रक्रिया पूरा गरेर बनाउँछ र लिखित हुन्छ, सामाजिक नियम परम्पराबाट बनेका र प्रायः नलेखिएका हुन्छन् भनी लेखेमा।

✓ कानुन सारा देशमा लागु हुन्छ र नमाने सजाय हुन्छ, सामाजिक नियम ठाउँअनुसार फरक हुन्छन् र स्वेच्छाले मानिन्छन् भनी लेखेमा।

ग. **अङ्क विभाजन** **ज्ञान · २**

✓ बाहिर जाँदा झ्याल, ढोका र गेट राम्रोसँग बन्द गर्ने, वा कहाँ जाने हो परिवारलाई बताउने जस्ता कुनै एक उपाय लेखेमा।

✓ घर खाली भएको कुरा सामाजिक सञ्जालमा नराख्ने, आपत्कालीन नम्बर घरमा टाँस्ने वा सुरक्षाका नियम पालना गर्ने जस्ता अर्को कुनै एक उपाय लेखेमा।

६ लामो उत्तर

उत्तर **ज्ञान · ४**

क. जनताले निर्वाचनबाट प्रतिनिधि छान्छन् र तिनैबाट सरकार बन्छ।
ख. सरकार जनताप्रति जिम्मेवार हुन्छ र शासनमा नागरिकको सहभागिता हुन्छ।
ग. नागरिकले मौलिक हक उपयोग गर्छन् र कर्तव्य पूरा गर्छन्।
घ. सबै जाति, धर्म, भाषा र संस्कृतिको संरक्षण हुन्छ।
ङ. महिला र पुरुषबिच भेदभाव हुँदैन।
च. सबैले कानुनबमोजिम काम गर्न र स्वतन्त्र भएर विचार राख्न पाउँछन्।
छ. बहुमतको निर्णय मानिन्छ र अल्पमतको पनि सम्मान गरिन्छ।

अङ्क विभाजन

✓ जनताले निर्वाचनबाट प्रतिनिधि छान्ने र तिनैबाट सरकार बन्ने विशेषता लेखेमा।

✓ सरकार जनताप्रति जिम्मेवार हुने, वा नागरिकले मौलिक हक उपयोग गर्ने र कर्तव्य पूरा गर्ने विशेषता लेखेमा।

✓ सबै जाति, धर्म, भाषा र संस्कृतिको संरक्षण, वा महिला र पुरुषबिच भेदभाव नहुने विशेषता लेखेमा।

✓ विचार राख्ने स्वतन्त्रता, वा बहुमतको निर्णय मान्ने र अल्पमतको पनि सम्मान गर्ने विशेषता लेखेमा।

७ सोच्नुहोस्

उत्तर

हुँदैन। सामाजिक नियमले समाजलाई व्यवस्थित, सभ्य र मिलनसार बनाउनुपर्छ। तर छुवाछुत, बोक्सीको आरोप, छाउपडी र दाइजो जस्ता केही पुराना चलनले मानिसलाई दुःख दिन्छन् र अधिकार खोस्छन्। यिनलाई **सामाजिक विकृति** भनिन्छ र

Science Playground, कादुन्जे, भक्तपुर
विद्यार्थीसहित भ्रमणको समय लिन: https://science-playground.com/booking

कानुनले पनि यिनलाई अपराध मानेको छ। त्यसैले असल चलन जोगाउने र खराब चलन हटाउने गर्नुपर्छ। यसबारे एकाइ ४ मा पढिन्छ।

अङ्क विभाजन

- ✓ हुँदैन; असल सामाजिक नियमले समाजलाई व्यवस्थित, सभ्य र मिलनसार बनाउँछ भनी लेखेमा।
- ✓ छुवाछुत, छाउपडी वा दाइजो जस्ता चलनले मानिसलाई दुःख दिन्छन् र अधिकार खोस्छन्, त्यसैले असल चलन जोगाउने र खराब चलन हटाउनुपर्छ भनी उदाहरणसहित लेखेमा।

८ क्रियाकलाप: कुन नम्बरमा फोन गर्ने?

(अङ्क नदिइने)

विद्यार्थीले पाउनुपर्ने नतिजा

ट्राफिक प्रहरी १०३, दमकल १०१, एम्बुलेन्स १०२, बाल हेल्पलाइन १०९८। अन्यमा महिला हेल्पलाइन ११४५ वा आफ्नो नजिकको प्रहरी चौकी र स्वास्थ्य संस्थाको नम्बर लेख्न सकिन्छ। यी नम्बरमा फोन गर्दा पैसा लाग्दैन।

तहअनुसार अङ्क	ज्ञान	बोध	प्रयोग	उच्च दक्षता	**जम्मा**
अङ्क	१६	९	२	२	**२९**

Science Playground, कादुन्जे, भक्तपुर
विद्यार्थीसहित भ्रमणको समय लिन: https://science-playground.com/booking